# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

**बैठक संख्या:** १७/०८१/०८२ **मिति:** २०८२/०३/१६

**अध्यक्षता:** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

### उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष, वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**प्रस्ताव नं १ लम्पी स्किन डिजिज विरुद्धको खोप सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** विगत केही समय यता गाइवस्तुहरुमा लम्पी स्किन रोगको प्रकोप महामारीको रुपमा देखा परेकाले कृषकहरुको पशुधनको सुरक्षाका लागि तत्काल नगरपालिकाबाट लम्पी स्किन रोग विरुद्धको खोप लगाउनुपर्ने भएको हुँदा सो सम्बन्धमा आवश्यक निर्णयका लागि पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गर्दा विगत केही समय यता गाइवस्तुहरुमा लम्पी स्किन रोगको प्रकोप महामारीको रुपमा देखा परेकाले कृषकहरुको पशुधनको सुरक्षाका लागि तत्काल नगरपालिकाबाट लम्पी स्किन रोग विरुद्धको खोप लगाउनुपर्ने हाललाई नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रु १० लाख बराबरको खोप खरिद गरी कृषकहरुलाई निःशुल्क उपलब्ध गराउने र खोप लगाएबापतको भ्याक्सिनेटरनको पारिश्रमिक सम्बन्धित कृषकले नै व्यहोर्ने गरी खोप अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापाको च.नं. १९१७४ मिति २०८२/०२/१३ गतेको पत्रबाट आ.व. २०८२/०८३ को लागि घर/जग्गाको लिखत पारित गर्ने प्रयोजनको निमित्त लिखतमा उल्लेख गरिने न्यूनतम थैली अंक (घर/जग्गाको न्यूनतम सरकारी मूल्याङ्कन) प्रस्ताव गरी पठाउने अनुरोध भएकोमा सो सम्बन्धमा छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गर्दा आ.व. २०८२/०८३ को लागि घर/जग्गाको लिखत पारित गर्ने प्रयोजनको निमित्त लिखतमा उल्लेख गरिने न्यूनतम थैली अंक (घर/जग्गाको न्यूनतम सरकारी मूल्याङ्कन) यस नगरपालिकाको हकमा साविक बमोजिम नै कायम गरिदिनका लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ३ सहयोग सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** युवा शक्ति फाउन्डेसनले आयोजना गरेको कोशी प्रदेश स्तरीय प्रतियोगितात्मक विज्ञान तथा प्रविधि प्रदर्शन कार्यक्रमका लागि आर्थिक सहयोग माग भई फाउन्डेसनबाट प्राप्त निवेदनका सम्बन्धमा छलफल तथा निर्णयार्थ विषय पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गर्दा युवा शक्ति फाउन्डेसनले आयोजना गरेको कोशी प्रदेश स्तरीय प्रतियोगितात्मक विज्ञान तथा प्रविधि प्रदर्शन कार्यक्रमका लागि नगरपालिकाको संघसंस्था प्रवर्द्धन वा अन्य उपयुक्त खर्च शीर्षकबाट अधिकतम रु ३ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।